# माननीय आर्थिक मामिला तथा योजना मन्त्री कैलाश प्रसाद ढुंगेलले प्रदेश सभा समक्ष प्रस्तुत गर्नु भएको

# विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता

प्रदेश सरकार, प्रदेश नं. ३

आर्थिक मामिला तथा योजना मन्त्रालय

२०७६ ज्येष्ठ १

moeap.p3.gov.np

**माननीय सभामुखज्यू,**

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना सँगै प्रदेशका सार्वभौम जनताले अनुमोदन गरी पठाएका प्रदेश सभाका सदस्यहरुको समर्थनमा गठित वर्तमान सरकारको आर्थिक मामिला तथा योजना मन्त्रीको हैसियतले यस गरिमामय सभा समक्ष विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न पाउँदा गर्वको महसुस गरेको छु।

२. यस महत्वपूर्ण घडीमा लोकतन्त्र प्राप्तिका लागि जीवनको आहुती गर्ने ज्ञात अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै बिभिन्न राजनितिक आन्दोलनका घाईते, अपाङ्ग तथा बेपत्ता नागरिकहरु प्रति सम्मान प्रकट गर्दछु। लोकतन्त्र र संघीयता प्राप्तिको अभियानमा नेतृत्व गर्ने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दै वहाँहरूले पुऱ्याउनु भएको योगदानको सम्मान गर्न चाहन्छु।

३. राजनैतिक उपलब्धिको जगमा उभिएर “समृद्ध नेपाल, सुखी नेपाली” भन्ने सोचका साथ सबै प्रकारका पछौटेपन तथा आर्थिक, सामाजिक, सांस्कृतिक विभेदको अन्त्य गरी गरिबीलाई न्यूनीकरण गर्ने राष्ट्रको महाअभियानमा अन्तरआवद्ध हुँदै “प्रदेश समृद्धिको आधारः श्रम, सिर्जना, उत्पादन र रोजगार” भन्ने ध्येयका साथ काम गरिरहेका छौं।

४. संघीयता कार्यान्वयनको शुरुवाती चरण भएको, नेपाल सरकारले प्रदेश सरकारको लागि गर्नुपर्ने नीतिगत प्रवन्ध तथा संरचनाका आधारशीला तयार भई नसकेको, प्रदेश सरकारको क्षेत्राधिकारमा पर्ने योजना, कार्यक्रम तथा संरचनाहरु आवश्यक मात्रामा हस्तान्तरण तथा बरबुझारथ भई नसकेको, प्रदेश सरकारलाई आवश्यक पर्ने नीति, ऐन, नियम, मापदण्ड, कार्य प्रणाली बनी नसकेको अवस्थामा पनि हामीले प्रस्तुत गरेको आर्थिक वर्ष ०७५/७६ को आय व्यय अनुमानमा उल्लेख भए अनुसारका कार्यक्रमहरु कार्यन्वयन गर्न नीतिगत, संरचनागत एवम् कार्यगत आधारशीला तयार गरी अगाडि बढिरहेका छौं।

५. आम प्रदेशवासीलाई प्रदेश सरकार एवम् प्रदेशको शासकीय प्रणालीप्रति विश्वास दिलाई प्रदेशको तीब्र विकासमा आबद्ध गराउनु पर्ने आवश्यकता छ। मुलुकले हासिल गरेको युगान्तकारी राजनीतिक एवम् सामाजिक रुपान्तरणको प्रतिफल जनताको जीवनस्तरमा प्रतिविम्बित हुन सक्नुपर्दछ। राजनीतिक संक्रमणकालको अन्त्यसँगै प्राप्त स्थिरताबाट आम नागरिक, व्यवसायी, लगानीकर्ता र विकास साझेदारहरु समेत नेपालको द्रुत विकासको लागि उत्साहित भएका छन्। यसबाट सरकारलाई समृद्ध नेपाल निर्माणको यात्रा तय गर्न थप उत्साह मिलेको छ।

६. प्रदेशको तीव्र विकासको अभियानमा राष्ट्रिय तथा अन्तराष्ट्रिय लगानीकर्ताहरुलाई आकर्षण गर्नुपर्ने आवश्यकता छ। हालसालै चितवनमा सम्पन्न निजी लगानीकर्ताहरुसँगको अन्तरक्रियाबाट लगानीकर्ताहरुलाई आकर्षण गर्न थप हौसला मिलेको छ।

**सभामुख महोदय,**

**अब म विनियोजन विधेयक, २०७६ का सिद्धान्तहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

७. विनियोजन विधेयक, २०७६ को सिद्धान्त तथा प्राथमिकता तय गर्दा नेपालको संविधानमा उल्लिखित राज्यका निर्देशक सिद्धान्त, मूलधारका राजनीतिक दलका घोषणापत्र, नागरिकका मौलिकहकहरु राज्यका नीति तथा दायित्वलाई मार्गदर्शनको रुपमा लिएको छु।

८. पन्ध्रौ योजनाको आधार पत्र एवम् प्रदेश सरकारको पहिलो आवधिक योजनाको आधार पत्र समेत थप आधारको रुपमा लिएको छु। वर्तमान सरकार गठन भएसँगै अघि सारिएका नीतिगत एवम् संस्थागत सुधारका निर्णयहरु र नेपालले प्रतिवद्धता जनाएका अल्पविकसित मुलुकबाट विकाससील मुलुकमा स्तरोन्नति हुने लक्ष्य एवम् दिगो विकासका लक्ष्यहरुलाई समेत मार्गदर्शनको रुपमा लिएकोछु।

९. यस प्रदेशले सयौं वर्ष अगाडिदेखि नै सभ्यता, संस्कृति र कलामा प्रसिद्धि पाएको कुरा सर्वविदितै छ। अनगिन्ती प्राकृतिक, सांस्कृतिक र पुरातात्विक सम्पदाहरु यस प्रदेशमा रहेका छन्। ती सम्पदाको अधिकतम प्रयोग एवम् कृषि, ऊर्जा, पर्यटन र पूर्वाधारको विकास गरी प्रदेश नं. ३ लाई मुलुककै उत्कृष्ट प्रदेश बनाउने, प्रदेश सरकारबाट सञ्चालित योजना तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने विधि स्थापित गर्ने, प्रदेश गौरवका योजना पहिचान गरी सञ्चालन गर्ने एवम् प्रदेशमा रहेका विकास निर्माणका सम्भाव्यताहरुको महत्तम उपयोग गर्ने तर्फ बजेट केन्द्रित हुनेछ।

१०. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको मूल्य मान्यता एवम् नेपालको संविधानले परिकल्पना गरेको समाजवाद उन्मूख अर्थ व्यवस्थाको निर्माण गरी परनिर्भरताको अन्त्य गर्ने र नेपाली जनताले चाहेको उन्नत तथा न्यायपूर्ण समाज निर्माण गर्ने कार्यदिशामा आगामी बजेट केन्द्रित गरिनेछ।

११. सरकारी खर्च प्रणालीमा विनियोजन दक्षता कायम गर्दै उपलब्ध साधनको न्यायोचित बाँडफाँट गरिनेछ। साधारण खर्चमा वाञ्छित कटौति गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

१२. उच्च आर्थिक बृद्धि र आयको न्यायोचित वितरण सहित समष्टिगत आर्थिक स्थायित्व कायम हुनेगरी आर्थिक तथा वित्तीय क्षेत्र सम्बन्धी नीति तर्जुमा गरी लागु गरिनेछ।

१३. प्रदेश स्तरमा सुरक्षा संयन्त्रको क्षमता वृद्धि एवम् प्रभावकारिता अभिवृद्धिका लागि आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ। द्वन्द्वपीडितहरुलाई राहत हुने विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ। यो बजेट लोकतन्त्र, मानवअधिकार, प्रेस स्वतन्त्रता तथा खुला समाजको अवधारणा तर्फ परिलक्षित हुनेछ।

१४. आन्तरिक स्रोत परिचालन गर्न व्यवस्थित राजस्व प्रणालीको विकास, करको दायरा विस्तार र राजस्व चुहावट नियन्त्रणलाई प्रभावकारी बनाइनेछ। नागरिकले तिरेको करको सही सदुपयोग हुने सुनिश्चितता कायम गरिनेछ। सरकारी वित्त व्यवस्थापनलाई पारदर्शी बनाउँदै खर्चको गुणस्तर र नतिजा प्रति सम्बन्धित निकाय एवम् पदाधिकारीहरुलाई जिम्मेवार र उत्तरदायी बनाउने प्रणाली स्थापित गरिनेछ। आयोजनाहरुको प्रतिफल र प्रभावकारिताको आधारमा मात्र बजेट विनियोजन गर्ने प्रणालीको विकास गरिनेछ।

१५. प्रदेश सरकारबाट उपलब्ध गराइने अनुदान वितरणको लागि स्पष्ट कानुनी आधारको प्रयोग तथा त्यस्तो अनुदान कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्ने प्रणाली लागु गरिनेछ। प्रदेशको अनुदान वितरण प्रणालीलाई स्थानीय तहको कार्य सम्पादनसंग आवद्ध गरी प्रदेश सरकारकै संरचनाबाट प्रभावकारी लेखापरीक्षण गर्ने प्रणालीको व्यवस्था मिलाइनेछ।

१६. विकासका नाममा अनुदान छर्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ। यस कार्यमा प्रदेश सभाका माननीय सांसदहरु समेतको अगुवाइमा योजना कार्यान्वयन, अनुगमन एवम् मूल्यांकन कार्यलाई वैज्ञानिक र व्यावहारिक बनाइनेछ।

१७. प्रदेश भित्र पर्ने राष्ट्रिय महत्व राख्ने केही योजनाहरुलाई क्रमशः प्रदेश गौरवका योजनाका रुपमा छनौट गरी कार्यान्वयन गर्ने नीति अङ्गीकार गरिनेछ। प्रदेश स्तरमा गौरव गर्न सक्ने त्यस्ता आयोजनाबाट समग्र क्षेत्रको विकासमा टेवा पुग्नुका साथै रोजगारी सिर्जना र आयआर्जन अभिवृद्धिमा योगदान पुग्ने अपेक्षा लिईएको छ।

१८. प्रदेश र स्थानीय तहबीचको अपरिहार्य सम्बन्धलाई थप सुदृढ बनाउन एउटै भूगोलमा तीन छुट्टाछुट्टै तहका सरकारहरुबाट योजना तथा कार्यक्रम छनौट भै सञ्चालन हुन सक्ने संभावनालाई मध्यनजर गर्दै प्रदेश सरकारले छनोट गर्ने सबै प्रकारका योजना तथा कार्यक्रममा दोहोरोपना नहुने व्यवस्था मिलाइने छ।

१९. प्रदेशका ११९ बटा स्थानीय तह र ६६ निर्वाचन क्षेत्रसँग विकासमा सन्तुलन हुने गरी सन्तुलित व्यवहारको सिद्धान्तलाई प्राथमिकता दिइनेछ।

२०. नेपालको संविधान, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४,

अन्तर–सरकारी वित्त व्यवास्थापन ऐन, २०७४ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्था, मापदण्ड र सूचकहरुको आधारमा स्थानीय तहमा राजस्व बाँडफाँट र अनुदान उपलब्ध गराइनेछ।

२१. सार्वजनिक-निजी-सहकारी क्षेत्रबीचको सहकार्य र समन्वयबाट दिगो र उच्च आर्थिक बृद्धि हासिल गर्न सबै क्षेत्रलाई उत्पादनमुखी बनाइनेछ। द्रुत आर्थिक वृद्धि गर्न उच्चमात्रामा लगानी परिचालन, उत्पादनको संरचनामा परिवर्तन तथा साधन विनियोजनमा कुशलता ल्याइनेछ।

२२. पर्यटन, ऊर्जा, उद्योग र सेवा क्षेत्रमा आन्तरिक तथा वैदेशिक लगानी भित्र्याउन नीतिगत एवम् प्रक्रियागत प्रणालीमा सुधार गरी प्रदेश तीनलाई लगानीको आकर्षक स्थलको रुपमा विकास गरिनेछ।

२३. चालु आर्थिक वर्षमा जारी गरिएका कानूनहरु आगामी आर्थिक वर्षमा गरिने विकास निर्माण कार्यका लागि नीतिगत आधारहरु हुनेछन।

२४. सहकारी, सामुदायिक र गैरसरकारी क्षेत्रलाई स्थानीय स्रोत, साधन र सीपको पूर्णरुपमा सदुपयोग गर्दै आर्थिक-सामाजिक रुपान्तरणको संवाहकको रुपमा प्रवर्द्धन गरिनेछ। सहकारी अभियानलाई सहकारिताको मूल्य-मान्यता अनुरुप अघि बढाउन आवश्यक

सहयोग गरिनेछ। प्रदेशस्तरका योजना तथा कार्यक्रमहरुलाई नतिजामूलक बनाउनका लागि निजी एवम् सहकारी क्षेत्रसंग साझेदारी गरी कार्यक्रम संचालन गर्ने नीतिलाई उच्च प्राथमिकता दिइनेछ।

२५. प्रदेशस्तरमा सञ्चालन हुने विकास कार्यक्रमको गुणस्तर लगायत समग्र पक्षमा प्रभावकारिता अभिवृद्धि गर्न आवश्यक कार्य गरिनेछ। कार्यमा गुणस्तर कायम गर्न प्राविधिक परीक्षण गर्ने निकायको क्षमता अभिवृद्धि गरिनुका साथै गुणस्तरीय निर्माण एवम् मर्मत संभारका लागि सम्बन्धित निर्माण व्यवसायीलाई जिम्मेवार बनाइनेछ।

२६. प्रदेश सरकारवाट स्वीकृत हुने मापदण्ड तथा सूचकहरुको आधारमा योजनाहरुको प्राथमिकीकरण गरिनेछ। योजनाहरुको छनौट गर्दा पुरानो परम्परागत विधिलाई परिमार्जन गर्दै लगिनेछ। बहुवर्षीय र क्रमागत योजनाहरु स्पष्ट हुने गरी वजेट व्यवस्था गरिनेछ।

२७. प्रदेशमा विद्यमान गरिबी न्यूनीकरण र खाद्यान्न अपुगको अन्त्य गर्ने दिशामा बजेट केन्द्रित रहनेछ। सबै प्रदेशवासीलाई उद्यमशील भई आफ्नो ज्ञान, सीप र क्षमताको उपयोग गरी आर्थिक क्रियाकलापमा सहभागी हुने अवसर सिर्जना गरिनेछ।

२८. योजना कार्यान्वयनमा देखा पर्ने समस्याहरुको अग्रीम पहिचान गरी आवश्यक रणनीति सहित नतिजामूलक एवम् सूचकमा आधारित स्वचालित अनुगमन तथा मूल्याङ्कन प्रणालीको व्यवस्था गरिनेछ।

२९. प्रदेशस्थित स्थानीय तहको आय-व्ययको यथार्थ अवस्थाको प्रतिवेदन हुने गरी आय-व्ययको लेखाङ्कन र प्रतिवेदन प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ। बजेट प्रणालीलाई सूचना प्रविधिमा आधारित तुल्याउँदै वित्तीय अनुशासन कायम गरिनेछ।

**सभामुख महोदय,**

**अब म विनियोजन विधेयक, २०७६ का प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

३०. विकास आयोजनाहरु कार्यान्वयन गर्ने निकायहरुको व्यवस्थापकीय र प्राविधिक क्षमता अभिबृद्धि गरिनेछ। भ्रष्ट्राचारमा शून्य-सहनशीलता एवम् समग्र शासन प्रणालीमा दण्डहीनताको अन्त्यका लागि आवश्यक नीतिगत एवम् प्रक्रियागत प्रबन्ध मिलाइनेछ। सरकारको कार्य सञ्चालनमा तटस्थता, इमान्दारिता र पारदर्शी चरित्रहरुलाई आत्मसात गरिनेछ। भ्रष्टाचार निवारण सम्बन्धी प्रदेश रणनीतिलाई कडाइकासाथ कार्यन्वयन गर्ने व्यवस्था मिलाइनेछ। सार्वजनिक सेवा प्रवाहलाई सेवाग्राहि मैत्री बनाउने कार्यलाई प्राथमिकतामा राखिनेछ।

३१. संविधान प्रद्धत्त मौलिक हकको कार्यान्वयनलाई प्राथमिकता दिँदै दिगो विकासका लक्ष्यहरु र सन् २०२२ सम्ममा नेपाललाई

अल्पविकसित मुलुकबाट विकासोन्मुख मुलुकमा स्तरोन्नति गर्ने लक्ष्य हासिल हुने दिशामा आगामी बजेट केन्द्रित हुनेछ।

३२. सरकारी कार्यालयहरूका सम्पूर्ण आर्थिक कारोबारलाई क्रमशः बैङ्किङ प्रणालीमा आबद्ध गरिनेछ। सरकारी काम कारवाहीमा सूचना प्रविधिको प्रयोगलाई व्यापक बनाई सार्वजनिक सेवा वितरणलाई सरल, सहज र पारदर्शी बनाइनेछ।

३३. प्रदेश तीनका हरेक स्थानीय तह एवम् निर्वाचन क्षेत्रको समग्र आर्थिक विकासको लागि समपुरक, विशेष तथा समानीकरण अनुदान समेतको माध्यमबाट प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ।

३४. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर-सरकारी संस्थाले यस प्रदेशभित्र कार्यक्रम तथा गतिविधिहरु संचालन गर्नुपूर्व प्रदेश सरकारसँग अनुमति लिनुपर्ने व्यवस्था गरिनेछ र त्यस्ता कार्यहरुको लागतलाई प्रदेशको आर्थिक विवरणमा आवद्ध गराउने व्यवस्था मिलाइनेछ।

३५. कृषि पेशालाई आकर्षक, मर्यादित र सम्मानित बनाउन बिशेष ध्यान दिइनेछ। प्रदेशका भूमि सम्बन्धी सम्पूर्ण अभिलेखहरू क्रमशः डिजिटल प्रणालीमा आबद्ध गर्ने कार्यमा सम्वन्धित निकायलाई आवश्यक सहयोग गर्ने व्यवस्था मिलाइनेछ।

३६. नेपाल सरकारसँग समन्वय गरी गुठी र मोहियानी हकको समस्या समाधान गरिनेछ। नेपाल सरकारको भू-उपयोग नीतिको अधिनमा रही भूमिको वैज्ञानिक उपयोग गर्ने नीति अङ्गीकार गरिनेछ।

प्रदेशभित्र रहेका सार्वजनिक जग्गाको लगत तयार गर्ने प्रक्रिया शुरु गरिनेछ।

३७. खेतीयोग्य जमीनको खण्डीकरण, कृषि भूमि बाँझो राख्ने प्रवृत्तिको अन्त्य गर्दै सहकारी, सामुहिक तथा करार खेतीमा जोड दिइनेछ। कृषि व्यवसायमा सीप तथा क्षमतायुक्त जनशक्ति उत्पादन एवम् पुनर्ताजगीका लागि प्रदेशस्तरीय कृषि तालिम केन्द्र स्थापना गरिनेछ।

३८. कृषि उत्पादनमा प्राङ्गारिक खेतीलाई प्रोत्साहन गर्ने नीति अङ्गीकार गरिनेछ। कृषकलाई उत्पादनको आधारमा अनुदान दिने नीति लिइनेछ। परम्परागत एवम् निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायमुखी तुल्याउन कृषिको व्यवसायीकरण, बजारीकरण, आधुनिकीकरण तथा औद्योगिकरणलाई उच्च प्राथमिकतामा राखी कार्यक्रम अगाडि बढाइनेछ।

३९. विकासको आधार स्तम्भको रुपमा रहेको सहकारी क्षेत्रलाई प्रदेश विकासको हरेक क्षेत्रमा प्रभावकारी उपयोग गर्ने नीति लिइनेछ। सहकारीको आधारभूत मूल्य, मान्यता र सिद्धान्त भित्र रही सञ्चालन गर्न उपयुक्त नियमन तथा व्यवस्थापन प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइनेछ।

४०. पर्यटनको बहुआयामिक उपयोग गर्न जैविक, सांस्कृतिक एवम् प्राकृतिक पर्यटकीय स्थलहरुको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरी

आन्तरिक उत्पादन र रोजगारी अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ। नयाँ पर्यटकीय स्थलहरुको खोजी, संरक्षण र संवर्द्धन गरिनेछ। बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक, बहुभाषिक विशेषतालाई प्रवर्द्धन गर्दै विभिन्न ऐतिहासिक कालमा नेपालमा रहेका सभ्यता र शासन प्रणाली बारे एवम् नेपालको सामाजिक, आर्थिक, राजनितिक, कला-सँस्कृति,इतिहास आदि प्रतिविम्बित हुने गरी संग्रहालय थप सुदृढ तुल्याइनेछ। ऐतिहासिक गढीहरुलाई आकर्षक पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ।

४१. प्रदेशका आवश्यक स्थानहरुमा जडीबुटी प्रशोधन केन्द्रको स्थापना गरिनेछ। प्रदेशमा हाल रहेका वन क्षेत्रको संरक्षण, विकास र वैज्ञानिक उपयोगका लागि विविध कार्यक्रमहरु संचालन गरिनेछ।

४२. वैज्ञानिक वन व्यवस्थापनबाट काष्ठ तथा गैरकाष्ठ वन पैदावारको व्यवसायिक उत्पादन र वितरण तथा पर्यापर्यटन प्रवर्द्धनका लागि विभिन्न क्रियाकलापहरु संचालन गरिनेछ। वनमा आधारित उद्योग तथा लघु उद्यमको व्यवसायीकरण मार्फत रोजगारी सिर्जना गरिनेछ।

४३. वातावरण संरक्षणलाई प्रदेश सरकारले उच्च प्राथमिकता दिनेछ। जैविक ऊर्जा र प्रांगारिक मल उत्पादनका माध्यमबाट जैविक उत्पादन र फोहोरको दिगो व्यवस्थापनलाई उच्च प्राथमिकता

दिइनेछ। विद्युत उत्पादनमा वृद्धि गर्दै विद्युतीय सवारी साधनको प्रयोगमा प्रोत्साहन गर्ने नीति लिइनेछ।

४४. भौतिक पूर्वाधारको गुणस्तरिय विकास, खानेपानी तथा सरसफाईका क्षेत्रलाई उच्च प्राथमिकतामा राखिनेछ। सिँचाइयोग्य कृषि भूमिमा आधुनिक सिँचाइ प्रणाली लागू गर्ने कार्यलाई प्रथामिकतामा राखिनेछ। अव्यस्थित रुपमा बढ्दै गइरहेको शहरीकरणलाई वैज्ञानिक र व्यवस्थित बनाइने छ। जोखिमयुक्त वस्तीहरुलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्न एकीकृत बस्ती विकास कार्यक्रम अगाडि बढाइनेछ।

४५. गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार विकासलाई उच्च प्राथमिकतामा दिइनेछ। शिक्षामा सबैको पहुँच स्थापित गर्दै आवश्यकता अनुरुपको गुणस्तरीय, व्यवसायिक र सीपयुक्त शिक्षा प्रदान गरी युवा क्षमताको विकास गरी रोजगारी र स्वरोजगारी अभिवृद्धि गर्न जोड दिइनेछ।

४६. खेलकुद, पर्यटन र सहकारी शिक्षालाई आधारभूत तहदेखि अध्ययन, अध्यापन गर्ने कार्य गर्न प्रोत्साहन गरिनेछ। विद्यालयहरुमा सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्न आवश्यक सहयोग गर्ने व्यवस्था मिलाइनेछ। सार्वजनिक शिक्षामा लगानी वृद्धि र निजी लगानीलाई नियमन गर्दै दुईखाले शिक्षा प्रणालीमा रहेको विषमता हटाउँदै लगिनेछ।

४७. शिक्षालाई उद्यमशिलता तथा उत्पादन, श्रम एवम् स्थानीय अर्थतन्त्र र स्थानीय रोजगारी वृद्धिसँग आबद्ध गरिनेछ। प्राविधिक शिक्षालाई उच्च प्राथमिकता दिइनेछ। उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुका लागि अध्ययन अनुसन्धान गर्न प्रोत्साहन गरी विज्ञता र विशेषज्ञताको विकास गरिनेछ।

४८. स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयन सुनिश्चित गरिनेछ। संघीय सरकार र प्रदेश सरकारसँग समन्वय गरी हाल प्रदेशमा रहेका स्वास्थ्य केन्द्रहरुमा औषधी, उपकरण र जनशक्ति परिचालनको कार्य प्रभावकारी बनाइनेछ। सबै नागरिकलाई सुलभ स्वास्थ्य सेवाको लागि अनिवार्य स्वास्थ्य वीमामा आबद्ध गर्न प्राथमिकता दिइनेछ। यस प्रदेशमा अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन र मानवस्रोतको विकास योजना कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ।

४९. प्रदेशलाई औद्यौगिक प्रदेशको रुपमा विकास गर्ने योजना बनाई कार्यन्वयनमा ल्याइनेछ। विदेशी लगानीकर्ताहरुलाई उद्योग स्थापना गर्न विशेष आकर्षण गरिनेछ। प्रदेशमा रहेका औद्योगिक क्षेत्रको क्षमता तथा प्रभावकारिता अभिवृद्धि गरिनेछ। लघु एवम् मझौला उद्योग प्रवर्द्धन मार्फत स्वरोजगार सिर्जना गर्ने कार्यका लागि श्रोत व्यवस्थापन गरिने छ। स्वदेशी कच्चा पदार्थको प्रयोगबाट संचालन हुनसक्ने उद्योगहरुको विकासमा विशेष जोड दिइने छ।

५०. औद्योगिक तथा व्यावसायिक क्षेत्रमा उत्पादकत्व वृद्धि गरी उपभोग्य वस्तु तथा सेवाहरूमा आत्मनिर्भरता कायम गरिनेछ। खानी तथा खनिजजन्य उद्योगलाई प्राथमिकतामा राखिनेछ।

५१. हरेक श्रमलाई मर्यादित बनाइनेछ। श्रमिकका हक-हितको प्रत्याभूति गरिनेछ। उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, रोजगारी सिर्जना गर्ने, आर्थिक परनिर्भरता घटाउने र व्यापार घाटा कम गर्न औद्योगिक तथा वाणिज्य नीतिलाई प्राथमिकता दिइ कार्यान्वयन गरिनेछ।

५२. प्रदेशलाई आवश्यक पर्ने मानवस्रोतको अनुमान र अभिलेखीकरण व्यवस्थित गर्दै मानव संशाधन विकास गरिनेछ। युवा वर्गको ज्ञान, सीप र क्षमताको अधिकतम उपयोग गर्न प्रोत्साहन गर्नुका साथै वैदेशिक रोजगारका क्रममा सिकेको सीपलाई स्वदेशमा उपयोग गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

५३. प्रत्येक स्थानीय तहसँग समन्वय गरी प्राकृतिक विपत्तिका बेला उद्धार गर्न सक्ने तालिम प्राप्त स्वयंसेवक उत्पादन गरिनेछ।

५४. मौलिक कला, सम्पदा, साहित्य, संस्कृति, लोक-दोहरी, गीत-संगीत र चलचित्रको संरक्षण एवम् प्रवर्द्धन गरिनेछ। युवावैज्ञानिक, विद्वान, विशेषज्ञ, कलाकार, साहित्यकार, संस्कृतिविद लगायत प्रदेशका प्रतिभाहरूको सम्मान सहित उनीहरूको प्रतिभालाई नव प्रवर्तनीय ढंगले उपयोग गर्दै लगिनेछ। प्रतिभा-पलायन रोक्न प्रतिभाशाली

व्यक्तिको सम्भावित क्षमताको खोजी गर्ने, सम्मान गर्ने, उपयुक्त भूमिका प्रदान गर्ने जस्ता माध्यमबाट प्रभावकारी उपयोग गर्ने नीति लिइनेछ।

५५. प्रदेशको पहिचान, सम्मान र गरिमा अभिवृद्धि गर्ने गरी खेल क्षेत्रको विकास गरिनेछ। प्रत्येक जिल्ला सदरमुकाममा एक अत्याधुनिक र सुविधा सम्पन्न रंगशाला निर्माण गर्दै लगिनेछ। प्रादेशिक निर्वाचन क्षेत्रमा आवश्यकतानुसार रंगशाला, खेल मैदानहरु निर्माण गर्ने कार्य अघि बढाइनेछ।

५६. आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका वर्ग, क्षेत्र तथा समूहलाई लक्षित गरी विभिन्न कार्यक्रम संचालनमा जोड दिइने छ।मानव अधिकार, महिला अधिकार तथा महिला सशक्तिकरण, वाल अधिकार तथा वाल संरक्षणका सवालहरुलाई प्राथमिकता दिईनेछ।

५७. प्रदेशमा सहयोगापेक्षी सडक मानव नरहने व्यवस्था गरिनेछ। शारीरिक एवम् बौद्धिक अपाङ्गता भएका व्यक्तिहरु तथा पराश्रित जेष्ठ नागरिकहरुलाई लक्षित गरी विशेष कार्यक्रम ल्याइनेछ। सामाजिक विभेद, दलित छुवाछूत, अन्धविश्वास, घरेलु हिंसा, दाइजो, तिलकप्रथा, बोक्सी प्रथा जस्ता कुसंस्कार विरुद्ध सामाजिक अभियान सञ्चालन गरिनेछ र यस सम्बन्धी कानूनलाई कडाइका साथ लागू

गरिनेछ। लक्षित जनसमुदायको सामाजिक आर्थिक विकास प्रकृयामा आर्थपूर्ण सहभागिता बढाइनेछ।

५८. कृत्रिम मूल्य वृद्धि, सिन्डिकेट, गुणस्तरहीनता र भ्रमपूर्ण विज्ञापन, नापतौल ठगी लगायतलाई कडाइका साथ नियन्त्रण गरिनेछ।

**सभामुख महोदय,**

५९. द्रुत विकासको मार्गमा अघि वढेका दुई छिमेकी मुलुकको बीचमा रहेको यो प्रदेशसँग समृद्धिका अथाह सम्भावना छन्। समृद्धिको लक्ष्य अमूर्त नारामा मात्र सीमित नगरी इमान्दार प्रयत्न गरियो भने अपेक्षित नतिजा सम्भव छ।

६०. न्यायिक वितरण सहितको तीव्र आर्थिक विकास, मर्यादित रोजगारीको सुनिश्चितता, व्यवस्थित र गुणस्तरीय पूर्वाधार, आधुनिक प्रविधिको विस्तार, मानवीय पूंजीको विकास र उपयोग, औद्योगिक विकास, वातावरणको संरक्षणमा उपयुक्त कदम र कानूनको शासनको प्रत्याभूतिबाट मात्र समृद्धिको मार्ग प्रसस्त हुन्छ र आगामी वर्षको बजेट यसै मार्गतर्फ उन्मुख हुने कुरामा म माननीय सदस्यहरुलाई आश्वस्त गराउन चाहन्छु।

६१. मैले यस सम्मानित सभा समक्ष पेश गरेको विनियोजन विधेयक, २०७६ का सिद्धान्त र प्राथमिकता प्रदेशले अघि बढाउन चाहेको विकासको ढाँचा, तत्कालीन आवश्यकता र साधनको उपलब्धता बीच तादात्म्यता कायम हुने गरी तय गरिएको खाका हो। माननीय

सदस्यहरुले यी सिद्धान्त र प्राथमिकतामा सघन छलफल गरी रचनात्मक पृष्ठपोषण दिनुहुनेछ भन्नेमा म विश्वस्त छु। माननीय सदस्यहरुबाट प्राप्त हुने महत्वपूर्ण सुझावहरु र प्रदेश सरकारले यस सम्मानित सभा समक्ष छिट्टै प्रस्तुत गर्ने नीति तथा कार्यक्रम आर्थिक वर्ष ०७६/७७ को बजेट निर्माणमा मार्गदर्शनको रुपमा लिने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु।

**धन्यवाद।**